"अलैची, जडिवुट्टी, पर्यटन पुर्वाधारः मिक्वाखोला गाउँपालिकाको समृद्धिको आधार"

मिक्वाखोला राजपत्र

मिक्वाखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्याः १३ मितिः२०७९/०९/१३

भाग २

मिक्वाखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल।

एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

स्वीकृत मिति २०७९/०९/११

१. **प्रस्तावनाः** राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ ले निर्देशित गरेअनुसार उद्यमशीलता मार्फत सार्वजानिक शिक्षाको सबलीकरणका लागि शिक्षण संस्था मार्फत "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उदेश्यले मिक्वाखोला गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

२. **संक्षिप्त नाम र प्ररम्भः** (१) यो कार्यविधिको नाम "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

२) यो कार्यविधि मिक्वाखोला गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

३.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "एक शिक्षण संस्था उद्यम कार्यक्रम" भन्नाले पालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले मिक्वाखोला गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले मिक्वाखोला गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्छ ।

घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

ङ) "शिक्षण संस्था" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्था सम्झनु पर्छ ।

च) "विद्यार्थी उद्यमी क्लव" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचलनका लागि गठन गरिएका विद्यार्थी उद्यमी क्लव सम्झनु पर्छ ।

छ) "उद्यम कोष" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

ज) "उद्यम कोष सञ्चालक समिति" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ ।

झ) "संरक्षक समिति" भन्नाले एक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

मिक्वाखोला राजपत्र

ञ) "साझेदार संस्था" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

ट) "पूर्व विद्यार्थी मञ्च" भन्नाले विगतमा सम्बन्धित शिक्षण संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरूबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

ठ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान,सीप, अनुभव र दक्षता भएकको व्यक्ति सम्झनुपर्छ ।

ड) "विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले" विद्यार्थीको शिक्षण उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरूलाई सम्झनु पर्छ ।

ढ) "प्राविधिक तथा व्यवसायिक धार भन्नाले" विद्यालय तहमा (कक्षा ९-१२) प्राविधिक तथा व्यावसायिक शिक्षा लागू भएका विद्यालय सम्झनुपर्छ ।

ण) "सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा भन्नाले" प्राविधक शिक्षा तथा व्यावसायिक तालिम परिषदवाट स्वीकृति लिई सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यलय सम्झनु पर्छ ।

त) "नमुना विद्यालय भन्नाले" शिक्षा तथा मानव श्रोत विकास केन्द्र बाट नमुना विकासका लागि छनौट गरेका विद्यालय साथै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले छनौट गरेका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ ।

४. उदेश्यः एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रमुख उदेश्य उद्यमशीलता मार्फत् सार्वजानिक शिक्षाको सबलीकरणका गर्नु हो भने अन्य उदेश्यहरू देहाय बमोजिम हरेका छन् ।

क) शिक्षण संस्था मार्फत् सामाजिक रूपान्तरण गर्ने ।

ख) शिक्षण संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रूपमा विकास गर्ने ।

ग) सार्वजानिक शिक्षामा गुणस्तर,नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शिक्षण रूपान्तरण गर्ने।

घ) सार्वजानिक शिक्षाको सबलिकरण गर्ने ।

५. लक्षित शिक्षण संस्थाः पालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरू लक्षित शिक्षण संस्था हुनेछन् ।

६. उद्यम क्षेत्रः शिक्षण संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरू देहाय बमोजिम रहने छन् ।

क) कृषि तथा पशुपञ्छिमा आधारित उद्यम व्यवसाय,

ख) वनः (जडीबुटी, बनपैदावार)मा आधारित उद्यम व्यवसाय,

ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

च) कलामा आधारित उद्यम व्यवसाय,

छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय,

७. विद्यार्थी उद्यमी क्लवः १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९,१०,११र १२ कक्षमा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लव रहेनेछ ।

२) विद्यार्थी उद्यमी क्लवको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन ,रेखदेख र व्यवस्थापन गर्ने ।

ख) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवलाहरूसँग सहकार्य, समन्वय, साझेदारी गर्ने ।

ग) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने ।

ङ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रोफाईल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तीमा वर्षको २ पटक अभिभावकहरूलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखिकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने।

८. उद्यम कोषको संञ्चालनः १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहनेछ । उक्त कोष सञ्चालन गर्नको लागि देहाय बमोजिमका उद्यम कोष सञ्चालक समिति रहनेछ ।

क) विद्यालयको प्रध्यानाध्यापक — अध्यक्ष

ख) उद्यम विद्यार्थी क्लवका अध्यक्ष — सदस्य

ग) विद्यालयका लेखा हेर्ने कर्मचारी — सदस्य सचिव

२) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।

ग) उद्यम कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरू गर्ने गराउने ।

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नु पर्नेछ ।

क) शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरूबाट उद्यम गर्न वार्षिक रूपमा संकलित रकम

ख) प्रदेश सरकार बाट प्राप्त अनुदान

ग) उद्यम बाट प्राप्त आम्दानी

घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रूपमा प्राप्त रकम

ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम

च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरूप प्राप्त रकम

४) उद्यम कोषबाट देहायनुसार खर्च गर्न सकिनेछ । उद्यम कोषको सम्पुर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार, तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ। उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

९. संरक्षक समितिको गठनः (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रूपमा देहाय बमोजिम एक संरक्षक समिति हरनेछः

क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष — अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष — सदस्य

ग) विद्यालयको प्रध्यानाध्यापक — सदस्य सचिव

२) संरक्षक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अभिभावकहरूलाई कार्यकक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने ।

ख) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने ।

ग) विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाईल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

१०. शिक्षण संस्था छनौटका आधारहरूः (१) दफा ६मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न ईच्छुक शिक्षण संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरू निर्धारण गरिएकको छ ।

क्र.सं.	छनौटका आधारहरू	बढीमा १०० अंक
१	उद्यम परियोजना प्रस्ताव	४०
२	उद्यम कोष स्थापना भएको	१०
३	उद्यमी विद्यार्थी क्लवको गठन भएको	५
४	पूर्व विद्यार्थी मञ्च गठन भएको	५
५	सम्बन्धित वडाको सिफारिस	५
६	विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता	५
७	भौतिक पूर्वाधार(पानी, विजुली, जग्गा)	२०
८	माध्यमिक तहको विद्यार्थी संख्या(९-१२)	१०

२) प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएका नमुना सामुदायिक माध्यमिक विद्यालयलाई विषेश प्राथमिकता दिईने छ ।

११. सूचना प्रकाशनः (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा सहभागीताका लागि मिक्वाखोला गाउँपालिकाको कार्यालयबाट इच्छुक शिक्षण संस्थाहरूको जानकारीका लागि १५ दिने सार्वजानिक सूचना प्रकाशन गरिनेछ ।

२) उपदफा(१) बमोजिम सूचना प्रकाशित भए पछि एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूले अनुसुची १ बमोजिमको ढाँचामा निवेदन र अनुसुची २ बमोजिमको ढाँचामा उद्यमको व्यावसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

३) शिक्षण संस्था छनौट समिति मिक्वाखोला गाउँपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मुल्याङ्कन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी गाउँ शिक्षा समितिको बैठक बसी सोही समिति मार्फत् शिक्षण संस्था छनौट गर्नुपर्नेछ ।

४) शिक्षण संस्था छनौट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई आमन्त्रण गर्नुपर्नेछ ।

५) शिक्षण संस्था छनौट समितिको बैठक सम्बन्धित कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) शिक्षण संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आदवश्यकता अनुसार विद्यालयहरूको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

१२.उद्यम सम्झौताः (१) शिक्षण संस्था छनौट समितिबाट छनौट भएका शिक्षण संस्था र पालिकाविच तोकिए बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरिनेछ ।

१३. प्रतिवेदनः (१) शिक्षण संस्थाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ । त्यसपछी चौमासिक रूपमा वित्तिय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

१४. लेखा परिक्षणः (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा छुट्टै राख्नु पर्नेछ ।

२) उद्यमको आर्थिक कारोवारको लेखापरिक्षण शिक्षण संस्थाले सुचिकृत गरेको दर्तावाल लेखा परिक्षक मध्येबाट गराउनु पर्नेछ ।

३) लेखा परीक्षकको प्रतिवेदनलाई लेखा परीक्षण गरी सार्वजानिक गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

१५. अनुगमन तथा मुल्याङ्कनः (१) एक शिक्षण संस्था एक उद्यम कार्यजक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत गरिनेछ ।यसको अभिलेख विद्यार्थी उद्यमी क्लवले राख्नुपर्नेछ ।

२) आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरिक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरू लिन सक्ने छ ।

१६.पुरस्कारः गाउँपालिकाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शिक्षण संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था,

ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

ग) निर्यातमा वृद्धि र आयात प्रतिस्थापनमा सहयोग पुर्याएको,

घ) उत्पादन गरिएका सामाग्रीहरूको गुणस्तर,

ङ) उद्यम मार्फत् नवप्रवर्तन तथा उद्यमशीलता विकास,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

छ) उद्यम कोषमा भएको रकम बृद्धिको अवस्था,

ज) कार्ययोजना अनुसार कार्य सम्पादन ।

१७, दण्ड सजायः (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शिक्षण संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शिक्षण संस्थालाई पालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरूमा सहभागीता गराईने छैन् ।

२) शिक्षण संस्थासँग सम्झौता भईसकेपछी सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिइएको वजेट हिनामिना गरेमा उक्त शिक्षण संस्थाबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१८. विविधः यस कार्यविधि बमोजिम एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१९. निर्देशनको पालनाः संघ,प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

२०. कार्यढाँचा संसोधन गर्न सक्नेः आवश्यकता अनुसार गाउँकार्यपालिका/नगरकार्यपालिकाबाट कार्यढाँचा संशोधन गर्न सकिनेछ ।

२१. बाधा अड्काउ फुकाउनेः यो कार्यक्रम कार्यान्वियनमा कुनै बाधा आईपरेमा गाउँ कार्यपालिका/नगर कार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

अनुसूची १
(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूको लागि निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यू,
.... गाउँपालिका,
...........................।

महोदय,
त्यस पालिकाबाट मिति .... मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" सञ्चालन गर्ने ईच्छा भएककोले निम्न विवरण सहित देहायका कागजातहरू संलग्न गरओ यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगानाः
२. प्राविधिक तथा व्यावसायिक धार/ शिक्षा भए विषय र नमुना विकासको लागि छनौट भएको मितिः
३. प्रधानाध्यापकको नाम र सम्पर्क नं.
४. उद्यमी विद्यार्थी क्लवका अध्यक्षको नाम र सम्पर्क नं.
५. उद्यम गर्न चहेको व्यवसायिक क्षेत्रः
६. कक्षागत विद्यार्थी विवरण(कक्षा९-१२)
७. जग्गा सम्बन्धी विवरणः
   क) विद्यालयको नाम रहेकोः
   ख) विद्यालयको हकभोग प्राप्तः
   ग) वर्तमानमा उपयोगको अवस्थाः
   घ) भौतिक पूर्वाधार सम्बन्धी विवरणः
      क) कक्षाकोठा संख्याः
      ख) कक्षाकोठा उपयोगको अवस्थाः
      ग) प्रयोगशालाको अवस्थाः

मिक्काखोला राजपत्र

घ) पानी विजुलीको उपलब्धता

ङ)उपलब्ध अन्य साधन स्रोतको विवरणः

च) उद्यम कोष सम्बन्धी विवरणः

क) कोष रहेको बैंकको नामः

ख) कोष सञ्चालकको नामः

ग) खाता नं.

हस्ताक्षर | हस्ताक्षर

उद्यमी विद्यार्थीक्लब अध्यक्षको नामः | प्रधानाध्यापकको नामः

मितिः | मितिः

नोटः व्यावसायिक परियोजना प्रस्ताव अलगगै पेश गर्नु पर्नेछ ।

मिक्वाखोला राजपत्र

अनुसूची २

(दफा ११ को उपदफा २ सँग सम्बन्धी)

व्यावसायिक परियोजना प्रस्तावको नमुना ढाँचा

क्र.सं.	विवरण	विवरणको विस्तृतीकरण
१	उद्यमको नाम,संक्षिप्त परिचय र उदेश्य	विद्यार्थी उद्यमी क्लवको नाम .... उद्यमको संक्षिप्त परिचय(उद्यमको नाम,पृष्ठभूमी)....................................... उद्यमको उदेश्य .... उद्यमको क्षेत्र .... उद्यमबाट उत्पादन हुने वस्तुको नाम ....
२	उद्यम सञ्चालन हुने स्थान	प्रदेश .... जिल्ला .... गापा/नपा........... वडा नं. .... टोल......
३	उद्यममा संलग्न हुने अनुमानित जनशक्ती	छात्रा .... छात्र... जनशक्तीको प्राप्ती .... (स्थानीय स्तर वा बाह्य)
४	प्रयोग हुने कच्चा पदार्थ	कच्चा पदार्थको नाम .... अनुमानित लागत .... स्रोत .... वाह्य/ स्थानीय
५	प्रयोग हुने मसिनरी औजारको विवरण	नाम .... अनुमानित लागत .... स्रोत .... (वाह्य/स्थानीय)
६	उद्यमका लागि अनुमानित लागत	कूल रू .... चल पुँजी रू .... अचल पुँजी रू .... अचल पुँजीको नाम .... आफ्नो लगानी .... बाह्य लगानी ....
७	उत्पादित वस्तुको बजार क्षेत्र	बजारको नाम .... (स्थानीय/जिल्ला/प्रदेश/राष्ट्रिय)

		दुरी .... ढुवानी खर्च .... लक्षित ग्राहकहरू .... प्रतिस्प्रधाको अवस्था .... बजार विकासको सम्भावना ....
८	व्यवसायबाट हुने अनुमानित आम्दानी	जम्मा वार्षिक अनुमानित आम्दानी रू .... जम्मा अनुमानित वार्षिक खर्च .... वार्षिक अनुमानित नाफा रू ....
९	रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या (विद्यार्थी उद्यमी क्लव बाहेक)	छात्र .... छात्रा .... अन्य .... जम्मा ....
१०	उद्यम सञ्चालन गर्न आवश्यक प्राविधिक जनशक्तीको उपलब्धता	उपलब्ध रहेको .... उपलब्ध नरहेको ....
११	अन्य(प्रविधिको प्रयोग,....)	....
१२	उद्यमको कार्यन्वयन योजना(५ वर्षको)	....

नोटः यो व्यवसायिक योजनाको एउटा नमुना हो । उल्लेखित विवरणहरू नछुटाई थप विस्तृत विवरणहरू समावेश गरी सृजनात्मक रूपमा व्यवसायिक योजना बनाउन सकिनेछ ।

आज्ञाले,
श्री ललित नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत
मिक्काखोला गाउँपालिका,
ताप्लेजुङ